त्रिभुवन विश्वविद्यालय
कानुन संकाय
डीनको कार्यालय

# बी.ए.एलएल.बी.कार्यक्रमको प्रवेश परीक्षा सम्बन्धी सूचना
२०७७

त्रिभुवन विश्वविद्यालय, कानून संकाय डीनको कार्यालय अन्तर्गतका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुमा नयाँ शैक्षिक सत्र २०७७।०७८ सिमेष्टर प्रणालीमा बी.ए.एलएल.बी. कार्यक्रमको प्रथम सिमेष्टरमा भर्नाका लागि लिइने प्रवेश परीक्षामा सम्मिलित हुन चाहने सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | | |
|---|---|---|
| १) | **आवेदन फाराम वितरण र दर्ता:** | २०७७ साल माघ २२ गते बिहिबारदेखि २०७७ साल फागुन २१ गते शुक्रबार सम्म बिहान ११:०० बजे देखि दिउँसो ०२:०० बजे भित्र । |
| २) | **आवेदन फाराम उपलब्ध हुने स्थान:** | आवेदन फाराम कानून संकाय, डीनको कार्यालय, प्रदर्शनीमार्ग काठमाडौं र पृथ्वीनारायण क्याम्पस, पोखराबाट रु. १००।०० (रु एक सय मात्र) तिरी प्राप्त गर्न सकिनेछ । |
| ३) | **आवेदन फाराम बुझाउने स्थान:** | कानून संकाय, डीनको कार्यालय प्रदर्शनीमार्ग काठमाडौं वा पृथ्वीनारायण क्याम्पस, पोखरा । |
| ४) | **प्रवेश परीक्षा दस्तुर:** | रु. १२००।०० (अक्षेरुपी रु एक हजार दुई सय मात्र) । |
| ५) | **न्यूनतम शैक्षिक योग्यता:** | प्रवेश परीक्षा फर्म भर्ने अन्तिम मितिसम्ममा +२ वा सो सरहको परीक्षामा उतीर्ण भएका विद्यार्थीहरुले आवेदन फर्म भर्न सक्नेछन् । राष्ट्रिय परीक्षा बोर्ड नेपालबाट उतिर्ण भएका आवेदकहरुको हकमा ग्रेड डी+ (D+) सम्म ल्याएका आवेदकहरुले फर्म भर्न पाउने छन् । |
| ६) | **प्रवेश परीक्षा हुने मिति र समय :** | मिति २०७७ साल फागुन २९ गते शनिबार बिहान ११:०० बजेदेखि दिउँसो ०२:०० बजेसम्म । |
| ७) | **प्रवेश परीक्षाको परीक्षा केन्द्र :** | पछि प्रकाशित गरिनेछ । |

८) बी.ए.एलएल.बी.कार्यक्रममा वर्गीकृत समुहका लागि छुट्टयाईएको कोटा सहित त्रि. वि का आंगिक क्याम्पसहरु नेपाल ल क्याम्पस, काठमाडौंमा ३५ जनाको एक समूहका दरले तीन समूहमा **जम्मा १०५ जना** र पृथ्वीनारायण क्याम्पस पोखरामा एक समूहमा ३५ जना का दरले दुई समुहमा **७० जना** तथा सम्बन्धनप्राप्त क्याम्पस नेशनल ल कलेज, सानेपामा ३५ जनाको एक समूहका दरले तीन समूहमा जम्मा **१०५ जना** गरी कुल **२८०** जना मात्र हुनेछ । प्रवेश परीक्षाको पूर्णाङ्क १०० मा प्राप्ताङ्कको योग्यताक्रम (Merit List) को आधारमा मात्र भर्ना लिइनेछ ।

डीन
कानून संकाय

९) प्रवेश परीक्षामा कूल पूर्णाङ्क १०० को अंकभार देहाय बमोजिम रहनेछ ।

| S.N. | Nature of Questions | Marks allocated | Time | Remarks |
|---|---|---|---|---|
| 1. | Objective Questions | 30 x 1= 30 | 30 min. | MCQs |
| 2. | Subjective Questions:<br>a. Long answer question<br>b. Short answer questions | <br>1 x 20 = 20<br>3 x 10 = 30 | 2 hrs 30 min | Knowledge of Law |
| 3. | Creative Writing<br>(Approximately 300 words) | 20 | | English Language Test |

१०) प्रवेश परीक्षामा तपसिल बमोजिमका विषयवस्तु मध्येबाट प्रश्न सोधिने छ ।

| S. N. | Contents |
|---|---|
| 1. | Introduction to Law and Kinds of Law |
| 2. | Importance and Role of Law in a Society |
| 3. | Sources of Law |
| 4. | General Introduction to Rights and Duties |
| 5. | Person: Kinds of Person (Legal and Natural Person) |
| 6. | General Introduction to Constitution |
| 7. | Fundamental Rights under the Constitution of Nepal |

११) प्रवेश परीक्षा फाराम आफूले **प्रवेश परीक्षा दिन चाहेको परीक्षा केन्द्र, कानून संकाय, काठमाडौं वा पृथ्वीनारायण क्याम्पस, पोखरा मध्ये** कुनै एक स्थानमा बुझाउन सकिनेछ । तर प्रवेश परिक्षा, आवेदन फाराम बुझाएको केन्द्रबाट मात्र दिनु पर्नेछ ।

१२) सम्बन्धित क्याम्पसहरुले भर्नाका लागि तोकेको मितिभित्र सम्पर्कमा आएका योग्यताक्रम (Merit List) मा रहेका विद्यार्थीहरु मध्येबाट आफूले भर्ना गर्न पाउने जम्मा सिटसंख्या मध्ये निम्नलिखित वर्गहरुका लागि छुट्याईएका निम्नलिखित स्थानमा सम्बन्धित वर्गका परीक्षार्थीहरु बीचको प्रतिस्पर्धाको आधारमा योग्यताक्रम अनुसार भर्ना लिनु पर्नेछ । आरक्षित कोटा २० प्रतिशतलाई शतप्रतिशत मानि निम्न बमोजिम कोटा निर्धारण गरिएको छ । साथै त्रिभुवन विश्वविद्यालय सेवामा कार्यरत स्थायी शिक्षक, कर्मचारीका छोराछोरीलाई अध्ययन संस्थान र संकाय अन्तर्गत आंगिक क्याम्पसमा अध्ययन गर्न स्नातक तथा स्नातकोत्तर तहका प्रत्येक शैक्षिक कार्यक्रममा भर्नाको लागि सुरक्षित दुई स्थानलाई ८०% भित्र रहको मानिने छ ।

डीन
कानून संकाय

तर वर्गीकृत समूहमा भर्नाका लागि न्यूनतम ४०% अंक प्राप्त गरेका योग्य उम्मेदवार नभएमा योग्यताक्रममा रहेका अन्य विद्यार्थी भर्ना लिनु पर्नेछ ।

| क्र. सं | विपन्न समुदाय | आरक्षित कोटा प्रतिशत (%) | १०५ स्थानका लागि | ७० जना मध्ये आरक्षण |
|---|---|---|---|---|
| क) | महिला | २० | ४ जना | ३ जना |
| ख) | आदिवासी/जनजाति | १६ | ३ जना | २ जना |
| ग) | मधेशी | १४ | ३ जना | २ जना |
| घ) | दलित | ९ | २ जना | १ जना |
| ङ) | अपाङ्गता भएका व्यक्ति | ९ | २ जना | १ जना |
| च) | पिछडिएको दुर्गम क्षेत्र | ७ | १ जना | १ जना |
| छ) | मुश्लीम | ७ | १ जना | १ जना |
| ज) | थारु | १० | २ जना | १ जना |
| झ) | अन्य (लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्य) | ८ | २ जना | १ जना |
| ञ) | त्रि.वि.सेवामा कार्यरत स्थायी शिक्षक/ कर्मचारीका छोरा/ छोरी | | १ जना | १ जना |
| | **जम्मा** | | **२१ (एक्काईस)** | **१४ (चौध)** |

**स्पष्टिकरण १ : परिभाषा**

- **"अन्य"** भन्नाले लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई जनाउँछ ।
- **"विपन्न खस आर्य"** भन्नाले वार्षिक आयश्रोत रु. ४०,०००/- (अक्षरुपी रु चालीस हजार मात्र) भन्दा कम भई गरिविको रेखा मुनि रहेको खस आर्यलाई जनाउँछ ।
- **"खस आर्य"** भन्नाले क्षेत्री, ब्राम्हण, ठकूरी, सन्यासी (दसनामी) समुदायलाई जनाउँछ ।
- **"पिछडिएको दुर्गम क्षेत्र"** भन्नाले मुगु, हुम्ला, जुम्ला, कालीकोट, डोल्पा, अछाम, बझाङ्ग, बाजुरा र जाजरकोट जिल्लालाई जनाउँछ ।

**स्पष्टीकरण २: विपन्न वर्गका विद्यार्थीले आरक्षणमा भर्ना पाउने प्राथमिकता क्रम**

- आदिवासी/जनजाति विद्यार्थीका हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा गरिएको वर्गीकरण अनुरुप प्राथमिकता क्रमको टप टु बटमको आधारमा ।
- मधेशीको हकमा पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७१ को अनुसुचीको वर्गिकरणमा परेका विद्यार्थीहरुलाई अन्य मधेसीभन्दा पहिलो प्राथमिकताका आधारमा।
- अपाङ्गता भएका विद्यार्थी मध्ये छनौट गर्नु पर्दा निलो, पहेलो र सेतो परिचय पत्र अनुसार प्राथमिकताका आधारमा ।



डीन
कानून संकाय

- “अन्य”को हकमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्यमध्ये उत्कृष्ट अंक ल्याउनेलाई योग्यताक्रमका आधारमा भर्ना गर्नु पर्नेछ ।

**स्पष्टीकरण ३ :**

- विश्वविद्यालय सेवामा कार्यरत स्थायी शिक्षक, कर्मचारीका छोराछोरीलाई अध्ययन संस्थान र संकाय अन्तर्गत आंगिक क्याम्पसमा अध्ययन गर्न स्नातक तथा स्नातकोत्तर तहका प्रत्येक शैक्षिक कार्यक्रममा भर्नाको लागि दुइवटा सिटको व्यवस्था गर्नुपर्ने भएको आधारमा ।

१३) आवेदन साथ निम्न लिखित कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

क) एस.एल.सी/एस.ई.ई,तह उत्तीर्ण भएको लब्धांक-पत्र, चारित्रिक प्रमाण-पत्रहरुको प्रमाणित प्रतिलिपि एक/एक प्रति ।

ख) +2, PCL वा सो सरह तह उत्तीर्ण भएको लब्धांक-पत्र, चारित्रिक प्रमाण-पत्रहरुको प्रमाणित प्रतिलिपि एक/एक प्रति ।

ग) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुई प्रति ।

घ) त्रि. वि. वाहेकका स्वदेशी वा विदेशी विश्वविद्यालय/शिक्षण संस्थाहरुबाट +2 वा सो सरह उतीर्ण परीक्षार्थीहरुले त्रि.वि.को **समकक्षता** प्रमाण-पत्र एवं सम्वन्धित विश्वविद्यालय/शिक्षण संस्थाको सक्कल **माइग्रेसन प्रमाण-पत्र** र सो को प्रमाणित प्रतिलिपि दुबै भर्ना हुँदाका बखत सम्बन्धित क्याम्पसमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ङ) त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन नियम, २०५०, सिमेष्टर प्रणाली सञ्चालन विनियम, २०७४ र त्रि.वि. अन्तर्गतका आङ्गिक क्याम्पसमा आरक्षण सम्बन्धि सिटमा भर्ना गर्ने सम्बन्धि विनियम, २०७४ वमोजिम आरक्षण दावी गर्ने विपन्न वर्गका परीक्षार्थीहरुले निम्न बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ । सो बमोजिमका कागजात आवेदन फारमका साथ पेश नगर्ने परीक्षार्थीको आरक्षणमा दावी लाग्ने छैन ।

अ) आरक्षण दावी गर्ने सवै समुहका विपन्न वर्गका उम्मेदवारले कक्षा ८,९ र एस.एल.सी/एस.ई.ई कक्षा ११ र १२ सामुदायिक विद्यालयमा अध्ययन गरेको भन्ने सम्बन्धित जिल्ला शिक्षा कार्यालयको र त्रि.वि.का आंगिक क्याम्पसमा अध्ययन गरेका भन्ने सम्बन्धित क्याम्पसको सिफारिशपत्रका साथै सम्बन्धित गाउँपालिका वा नगरपालिकाको नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप वार्षिक आयश्रोत रु. ४०,०००/- (अक्षरुपी चालीस हजार मात्र) भन्दा कम भई गरिविको रेखा मुनि परेको भनि प्रमाण सहित आधार कारण खुलाईएको सिफारिसपत्र ।

आ) नेपाल सरकारको छात्रवृत्ति प्राप्त गरी नेपालभित्रका निजी स्कूल तथा कलेजमा कक्षा ८,९, एस.एल.सी/एस.ई.ई., कक्षा ११ र १२ सम्म वा सो सरह पास गरेको प्रमाण सहितको सिफारिशपत्र ।

इ) आरक्षण दावी गर्ने निम्न वर्गका उम्मेदवारले यसै बुँदाको (घ) को (अ) बमोजिमका सिफारिसपत्रका अतिरिक्त देहाय बमोजिमका कागजात अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

- अपाङ्गता भएका उम्मेदवारले राष्ट्रिय अपांग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्रका साथै नेपाल सरकारले तोकेको निकायले जारी गरेको सक्कल परिचयपत्र ।
- आदिवासी/जनजाति उम्मेदवारले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिशपत्र ।



डीन
कानून संकाय

- दलित उम्मेदवारले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्र ।
- पिछडिएको दुर्गम क्षेत्रका उम्मेदवारले सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको स्थायी बसोबास भएको नागरिक भनि प्रमाणित गरेको सिफारिसपत्रका साथै जुन जिल्लाको नागरिकता लिएको विद्यार्थी हो सोही जिल्लाको सरकारी स्कूलबाट कक्षा ८,९, एस.एल.सी./एस.ई.ई तथा कक्षा ११ र १२ पास गरेको सम्बन्धित जिल्ला शिक्षा समन्वय समिति /इकाई को सिफारिस पत्र र नेपाली नागरिकताको प्रमाण पत्र ।
- मधेसी समुदायका उम्मेदवारले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्रका साथै पिछडिएको समुदायका मधेशीको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रका अतिरिक्त पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७१ अनुसार गठित पिछडिएको समुदाय जिल्ला समन्वय समितिको सिफारिस पत्र ।
- मुश्लीम समुदायका उम्मेदवारले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्र ।
- अन्य अन्तर्गत विपन्न खस आर्यमा दावी गर्ने उम्मेदवारले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको खस आर्य समुदायमा पर्ने व्यहोराको सिफारिस पत्र ।
- अन्य अन्तर्गतका लैङ्गिक तथा यौनिक अल्पसंख्यक उम्मेदवारले आफू सो वर्गमा पर्ने कुराको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्र ।

च) शिक्षक/कर्मचारी कोटामा दावी गर्ने परिक्षार्थीले त्रि.वि. को स्थायी सेवामा कार्यरत सम्बन्धित शिक्षक/कर्मचारीको छोराछोरी हो भन्ने प्रमाणित हुने गरी सम्बन्धित संस्थाले गरिदिएको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

छ) आरक्षण दावी गर्ने उम्मेदवारले भर्ना हुनका लागि प्रवेश परीक्षामा कम्तिमा ४०%अंक प्राप्त गरेको हुनुपर्नेछ ।

ज) आरक्षण प्राप्त गर्ने विद्यार्थीले त्रिभुवन विश्वविद्यालयका अन्य कुनै पनि आङ्गिक क्याम्पसका एकै समयमा कुनै पनि तह र कुनै पनि विषयमा आरक्षणमा भर्ना नगरेको हुनु पर्नेछ । साथै कुनै विद्यार्थीले अन्य विषयमा स्नातक तहमा आरक्षण प्राप्त गरि सो तह अध्ययन गरेको भए आरक्षण सुविधा प्राप्त गर्ने छैन ।

झ) आरक्षण सुविधा प्राप्त गर्ने विद्यार्थीले झुठो विवरण पेस गरी आरक्षण सुविधा लिइ भर्ना भएको प्रमाणित भएमा त्यस्तो भर्ना रद्द गरी कानून बमोजिम कारवाही हुनेछ ।

ञ) आरक्षणमा भर्ना हुने विद्यार्थीले खुल्ला तर्फका विद्यार्थीले भर्ना हुन लाग्ने सरहको सबै शुल्क तिर्नु पर्नेछ ।

१४) विदेशी विद्यार्थी सामेल भई योग्यता क्रममा परेमा खुल्ला तर्फको **पाँच प्रतिशत सीटमा** मात्र भर्ना लिइनेछ ।

१५) प्रवेश परीक्षाको समयावधि ३ घण्टाको हुनेछ ।

१६) प्रवेश परीक्षाको माध्यम अंग्रेजी वा नेपाली दुबै हुन सक्नेछ । तर **Creative Writing अनिवार्य रुपमा अंग्रेजी (English)** भाषामा मात्र लेख्नु पर्नेछ ।

१७) परीक्षार्थीहरुले उत्तरपुस्तिकामा **कालो मसी मात्र** प्रयोग गर्नु पर्नेछ । कालो मसी बाहेक आंशिक वा पुरा रुपमा अन्य रङ्को मसी वा सिसाकलम प्रयोग गरेको, कुनै संकेत भएको, वस्तुगत प्रश्नको उत्तरपुस्तिकामा तोकिएको बक्समा तोकिएको रेजा चिन्ह ✓ वा टिक बाहेक अन्य चिन्ह प्रयोग भएको पाईएमा पुरै उत्तरपुस्तिका परीक्षण गरिने छैन ।



डीन
कानून संकाय

१८) बी.ए.एलएल.बी.को कक्षा सिमेष्टर प्रणाली अनुसार जम्मा १० (दश) सिमेष्टरमा दिवा समूहमा पूर्णकालीन रुपमा सञ्चालन हुनेछ । दिवा समुह भन्नाले नेपाल सरकारले तोकेको कार्यालय समय पुर्वान्ह दश बजे देखी अपरान्ह पाँच बजे (कार्तिक १६ गते देखी माघ १५ गतेसम्म पुर्वान्ह दश बजे देखी अपरान्ह चार बजे) सम्मको समयलाई जनाउने छ ।

१९) प्रवेश परीक्षाको नतिजा प्रकाशित गर्दा परीक्षार्थीहरुले प्रवेश परीक्षामा हासिल गरेको अंकको योग्यताक्रम (Merit List) को आधारमा दावी गरेको कोटा समेत खुल्ने गरी सम्पूर्ण परीक्षार्थीहरुको प्राप्तांक सहितको एउटै नामावली प्रकाशित गरिनेछ र सो को जानकारी भर्नाको प्रयोजनका लागि सम्बन्धित क्याम्पसहरुमा पठाईनेछ ।

२०) प्रवेश परीक्षामा न्यूनतम ४०% अंक प्राप्त गरेका परीक्षार्थीहरुले मात्र आफूले अध्ययन गर्न चाहेको क्याम्पसमा तोकिएको मितिभित्र भर्नाको लागि सम्पर्क राख्नु पर्नेछ ।

२१) क्याम्पसहरुले प्राप्त हुन आएका आवेदनहरु मध्येबाट भर्नाका लागि योग्यताक्रम (Merit List) प्रकाशित गर्दा प्रवेश परीक्षामा न्यूनतम ४०% अंक प्राप्त गरेका सबै आवेदकहरुको नामावली प्रकाशित गरी सो को जानकारी भर्ना अगाडि नै तत्काल कानुन संकाय, डीनको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ । यसरी योग्यताक्रम (Merit List) प्रकाशित गर्दा प्रवेश परीक्षामा बराबर अंक ल्याउने विद्यार्थीहरुको योग्यताक्रम (Merit List) निम्नानुसार निर्धारण गर्नु पर्नेछ:

क) विषयगत प्रश्नहरुको उत्तरपुस्तिकामा बढी अंक प्राप्त गरेको आधारमा

ख) Transcript को प्राप्त CGPA/ प्रतिशत (%) को आधारमा

ग) कक्षा १२ को प्राप्त GPA को आधारमा

घ) कक्षा ११ को प्राप्त GPA को आधारमा

ङ) कक्षा ११ र १२ मा कानून विषय पढेका र अन्य विषय पढेका परीक्षार्थीको प्राप्ताङ्कको औसत बराबर भएमा कानून विषय पढेका परीक्षार्थीको प्राप्ताङ्क /Grade लाई प्राथमिकता दिने

च) कक्षा ११ र १२ को अंग्रेजी विषयमा प्राप्ताङ्कको औसत प्रतिशत/CGPA को आधारमा

छ) एस.एल.सी./ एस.इ.इ.मा प्राप्त कूल CGPA/ प्रतिशत (%) को आधारमा

ज) एस.एल.सी./ एस.इ.इ.मा अंग्रेजी विषयको GPA/ प्रतिशत (%) को आधारमा

२२) सम्बन्धित क्याम्पसहरुले आफूले भर्ना गरेका सम्पूर्ण विद्यार्थीहरुको विवरण भर्ना प्रक्रिया पूरा भएको मितिले १५ दिनभित्र डीन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

२३) कुनै क्याम्पसले नियमानुसार योग्यतक्रम प्रकाशित नगरेको वा भर्ना नगरेको कुराको उजुरी वा जानकारी डीन कार्यालयलाई प्राप्त हुन आएमा छानबीन गर्ने अधिकार डीन कार्यालयलाई हुनेछ । छानबिनबाट नियम विपरित योग्यतक्रम प्रकाशित गरेको वा भर्ना भए गरेको पुष्टी भएमा त्यस्तो योग्यतक्रम वा भर्ना स्वतः रद्द हुनेछ । यसरी नियम विपरित योग्यतक्रम प्रकाशित भएको भए सो सच्याई पुनः योग्यतक्रम प्रकाशित गर्न वा भर्ना रद्द भई रिक्त हुन आएको स्थानमा नियमानुसार भर्नाका लागि डीन कार्यालयले निर्देशन दिनेछ । भर्ना रद्द हुने विद्यार्थीले बुझाएको सम्पूर्ण शुल्क सम्बन्धित क्याम्पसले फिर्ता गर्नु पर्नेछ ।

२४) नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा वितरण हुने छात्रवृत्तिको प्रयोजनका लागि गरिने छनौटमा समेत यसै प्रवेश परीक्षालाई आधार मानिनेछ ।

डीन
कानून संकाय

२५) म्याद नाघी आएको वा रीत नपुगेको आवेदन फर्म माथि कुनै कारवाही गरिने छैन ।

२६) प्रवेश परीक्षा सम्बन्धी कुनै पनि विषयमा प्रवेश परीक्षा समितिको निर्णय अन्तिम हुनेछ ।

२७) प्रवेश परीक्षा तथा भर्ना सम्वन्धी अन्य विस्तृत जानकारी यस संकाय एवं सम्बन्धित क्याम्पसहरुबाट प्राप्त गर्न सकिनेछ ।

२८) प्रवेश परीक्षा आवेदन फारम वापतको रकम रु १००।०० र प्रवेश परीक्षा शुल्क वापतको रकम रु.१२००।०० गरी कूल जम्मा १३००।०० त्रि.वि. **कानून संकाय, डीनको कार्यालयको** नाममा रहेको **नेपाल बैंक लिमिटेडको** च.हि.नं. **२१७००१००१९२४३४००००01** मा जम्मा गरी बैंक भौचर भरी आवेदन फर्मसाथ बुझाउनु पर्नेछ ।

२९) परीक्षार्थीहरुले आवेदन फाराम भर्नुपूर्व यो सूचना तथा आवेदन फाराममा उल्लेखित निर्देशनहरु ध्यानपूर्वक अध्ययन गरेर मात्र फाराम भर्नु पर्नेछ ।

३०) यो सूचना www.fol.edu.np तथा www.nlc.edu.np मा पनि हेर्न सकिनेछ ।

**परीक्षार्थीहरुले ध्यान दिनुपर्ने कुराहरु**

- परीक्षार्थीले आफ्नो प्रवेश पत्र अनिवार्य रुपमा साथमा राख्नु पर्नेछ । प्रवेश पत्र विना परीक्षार्थीलाई परीक्षामा बस्न दिइने छैन ।
- परीक्षा शुरु भएको आधा घण्टा पछि कुनै पनि परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन । साथै परीक्षा प्रारम्भ भएको एक घण्टा अगावै परीक्षार्थीले परीक्षा भवन छाड्न पाइने छैन ।
- परीक्षार्थीले तोकिएको सिटप्लान अनुसार निर्धारित स्थानमा बसी परीक्षा दिनु पर्नेछ । केन्द्राध्यक्ष वा निरीक्षकको अनुमति विना आफ्नो सिट स्वइच्छाले हेरफेर गर्न पाइने छैन ।
- परीक्षार्थीले परीक्षा भवनमा निषेधित बस्तुहरु (Mobile Phone, Calculator, Blutooth, I-Pad, Tablet PC, Earphones, Smart Watch) जस्ता कुनै पनि Electronic उपकरणहरु ल्याउन पाउने छैन । यदि साथमा राखेको पाइएमा वा परीक्षा सञ्चालन कार्यमा खटिएका कुनै पनि व्यक्तिहरु उपर परीक्षार्थीले अभद्र व्यवहार गरेमा केन्द्राध्यक्षले त्यस्ता परीक्षार्थी उपर कारवाही गर्नुका साथै परीक्षा हलबाट तुरुन्त निष्काशन गर्न सक्नेछन् ।
- सरुवारोगी, अस्वस्थ वा अपाङ्गता भएका परीक्षार्थीले परीक्षा प्रारम्भ हुनु भन्दा एक घण्टा अगावै आफ्नो वास्तविक परिस्थितिबारे केन्द्राध्यक्षलाई जानकारी गराउनुपर्नेछ । दृष्टिविहिन वा हातले लेख्न नसक्ने परीक्षार्थीले लेख्ने काममा सहयोगी राख्न पाऊँ भनी केन्द्राध्यक्षलाई अनुरोध गरेमा स्थितिको अध्ययन गरी सम्बन्धित परीक्षामा भन्दा कम्तिमा एक तह मुनिका अध्ययनरत व्यक्तिलाई सहयोगी लेखकको रुपमा राख्न अनुमति दिन सक्नेछ ।
- उत्तरपुस्तिकामा रोल नं नलेखी खाली छाडेमा त्यस्ता परीक्षार्थीको उत्तरपुस्तिका नै रद्द गरिनेछ ।

.................

(प्रा.डा. विजयसिंह सिजापती)
डीन
कानून संकाय
डीनको कार्यालय, त्रि.वि.